मेरो देश मेरै उत्पादन




# CIM

## FACTS Newsletter

Issue 11
Falgun 2078

Sahid Marg, Biratnagar-02

021-515712

cim.biratnagar@gmail.com

# सम्पादकीय

तरलता अभाव, रुस र युक्रेन बीच जारी युद्ध, अन्तर्राष्ट्रिय वजारमा उकालो लागिरहेको पेट्रोलियम पदार्थको मूल्य, वढ्दो लजिष्टिक कष्ट र डलरको विनियम दर, परिवर्तित बैंकिङ नीतिबाट उद्योग व्यवसाय क्षेत्रले समस्या भोग्दै आएको अवस्थामा उद्योग संगठन मोरङले **"पाथवेटु प्रोसपेरिटी प्रोभिन्स"** वान विषयक प्रदेश १ स्तरिय आर्थिक सम्मेलनको आयोजना गरेको छ । आर्थिक समृद्धिको आधार स्तम्भको रुपमा रहेका उत्पादनमुलक उद्योगहरुले आन्तरिक र वाह्य चूनौतिको सामना गरिरहेको यस संकटपूर्ण अवस्थामा सम्वन्धित पक्षले नीतिगत, प्रकृयागत सुधारका लागि अविलम्व सम्वोधन गर्नु विषयहरु उठान गर्न सम्मेलन सफल भएको छ ।

आशातित रुपमा सडक संजाल तथा रेल्वे पूर्वाधार निर्माण, पर्याप्त मात्रामा ट्रान्समिशनलाईनको विस्तार, विद्युतको गुणस्तरीय सुधार, तुलनात्मक रुपमा वढदो लजिष्टिक कष्ट, जग्गाको अपर्याप्तता, यस क्षेत्रमा औद्योगिक ग्रामको स्थापनाका साथै कृषि र उद्योग क्षेत्र बीचको अन्तर सम्वन्ध विकास जस्ता औद्योगिक विकासका लागि अपरिहार्य विषयहरुलाई नीति निर्माण तहले गम्भीरतापूर्वक लिई जवाफदेहिताका साथ कार्यान्वयनमा ल्याउनु पर्ने सन्देश सम्मेलनले दिएको छ ।

आर्थिक समृद्धिको सम्वाहकका रुपमा रहेका उद्योग व्यवसाय क्षेत्रहरुको दीर्घकालिन हितलाई मध्यनजर गरी त्यस्ता उद्योगहरुको प्रोत्साहनका लागि लगानीमैत्री वातावरण निर्माणका साथै आयात प्रतिष्थापन, औद्योगिक पूर्वाधार विकास, नीतिगत सहजिकरण एवं प्रकृयागत जटिलता, लजिष्टिक खर्चहरु न्यूनिकरणका लागि नीति निर्माण तहले पारदर्शिता र जवाफदेहीता सहित अविलम्म थालनी गर्नुपर्ने सन्देश दिन सम्मेलन सफल भएको छ ।






## Current Economic and Financial Situation of Nepal

Based on Seven Months of F.Y. 2021/22

| | |
|---|---|
| **42.80%** Import Growth | **88.30%** Export Growth |
| **4.9%** Decrease in Remittance | **5.97%** CPI-based Inflation |
| **Rs. 591.02 Billion** Federal Government's Expenditure | **Rs. 247.03 Billion** Balance of Payment (Deficit) |
| **USD 9.75 Billion** Gross foreign exchang reserves | **Rs. 613.41 Billion** Revenue Collection |

Source: Nepal Rastra Bank 2022

# आर्थिक सम्मेलन

## समृद्धिको यात्रा प्रदेश नं. १

उद्योग संगठन मोरङले बाह्रखरी मिडियासंगको सहकार्यमा २०७८ फागुन १४ गते उद्योग संगठन मोरङको सभाहलमा पाथवेटु प्रोसपेरिटी प्रोभिन्स वान  बिषयक प्रदेश १ स्तरिय आर्थिक सम्मेलन सफतापूर्वक सम्पन्न गरेको छ ।

बाह्रखरी मिडियाले हरेक वर्ष आयोजना गर्ने कर्पोरेट गल्फसँगै प्रदेश १ को आर्थिक समृद्धिलाई जोडेर गल्फ र आर्थिक समृद्धिको संयुक्त यात्राका रुपमा आयोजना गरिएको यस बृहत्तर कार्यक्रम अन्तर्गत १३ फागुनमा धरानबाट गल्फ खेलको सुरुवातसँगै सोही दिन अपराह्न १ बजेदेखि इटहरीमा नेशनल योङ आन्टरप्रिनुअर्स कनक्लेभ र फागुन १४ गते बिराटनगरमा आर्थिक सम्मेलनको आयोजना गरिएको थियो ।

प्रदेश नं १ को आर्थिक एवं औद्योगिक विकासको आगामी बाटो पहिल्याउने उद्देश्यले आयोजना गरिएको यस सम्मेलनमा  प्रदेश नं १ भरिका आर्थिक बिषय बस्तुहरुको उठानका लागी ४ ठाँउमा धनकुटा, इलाम, बिर्तामोड र गाईघाटमा राउण्ड टेबुल बैठकहरुको आयोजना गरि आर्थिक समृद्धिको मार्गमा भएका मुद्दाहरु पहिचान गरिएको तथा संगठनको बिजनेश क्लिनिकमा संकलित समस्याहरु समेतका आधारमा पूर्व अर्थ सचिव एवं उद्योग संगठनका बिशिष्ठ सल्लाहकार रामेश्वर खनालले आर्थिक सम्मेलनमा प्रदेश नं १ को आर्थिक समृद्धिको खाका सहितको मूख्य कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## मुख्य कार्यपत्रहरु

१ …… **आर्थिक समृद्धिको यात्रा : गर्न हुने के ? गर्न नहुने के ?**
-श्री सुयश प्याकुरेल, अध्यक्ष, उद्योग संगठन मोरङ

२ …… **प्रदेश १ को समृद्धि - कस्तो परिकल्पना, कस्तो प्रयास**
-श्री रामेश्वर खनाल, पूर्व अर्थ सचिव, नेपाल सरकार एवं विशिष्ठ सल्लाहकार, उद्योग संगठन मोरङ

३ …… **प्रदेश १ को आर्थिक विकास र समृद्धिका लागि व्यवसायिक वातावरण सुधारका उपाय**
-श्री निरञ्जन श्रेष्ठ, पूर्व अध्यक्ष, राष्ट्रिय युवा उद्यमी मञ्च

# मुख्य टिप्पणीकारहरु




मानानीय उपाध्यक्ष,
**डा. विश्वनाथ पौडेल,**
राष्ट्रिय योजना आयोग

**श्री महाप्रसाद अदिकारी,**
गर्भनर,
नेपाल राष्ट्र बैंक

**श्री मधु मरासिनी, सचिव,**
अर्थ मन्त्रालय,
नेपाल सरकार

**श्री शेखर गोल्छा,**
अध्यक्ष,
नेपाल उद्योग वाणिज्य महासंघ


**श्री विष्णु प्रसाद अग्रवाल,**
अध्यक्ष,
नेपाल उद्योग परिसंघ

**श्री सरोज कोइराला,**
प्रमुख कार्यकारी अधिकृत,
लगानी प्राधिकरण

**डा. धननञ्जय रेग्मी,**
प्रमुख कार्यकारी अधिकृत,
नेपाल पर्यटन बोर्ड

---


प्रदेश नं १ सरकारका माननीय मुख्य मन्त्री श्री राजेन्द्र कुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा बिराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले स्वागत गर्नु भएको थियो । कार्यक्रममा मुलुकभरबाट आफ्नो आफ्नो क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्वहरु : प्रतिष्ठित उद्योगी, खेलाडी, राजनीतिक नेता तथा नीति निर्माणकर्ता एवं उच्च पदस्थ राष्ट्रसेवक कर्मचारीहरू, नेपालका लागी इजरायल र श्रृलंकाका महामहिम राजदुतहरु, प्रदेश एवं स्थानिय सरकारका जनप्रतिनिधिहरुका साथै सरोकारवाला सरकारी तथा गैह्सरकारी संघसंस्थाका उच्चपदस्थ व्यक्तित्वहरु, प्राज्ञिक तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरु, कलाकारहरु समेत गरि करिब ५०० जनाको सहभागिता थियो ।




## समृद्धिको यात्रा प्रदेश नं १ विशेष अंक विमोचन

आर्थिक सम्मेलनको अवसरमा प्रदेश १ को आर्थिक, औद्योगिक, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, खेलकुद, लगायतको विषयका मुद्दाहरु उठान गरिएका, यस क्षेत्रकोविकासका सम्भावना र चुनौति, औद्योगिक लगानीको वातावरण, प्रदेश तथा स्थानिय सरकारहरुको आर्थिक विकास खेलेको भूमिका लगायतका महत वपूर्ण ऐजेण्डाहरुमा सम्बन्धीत विषयमा विशेश दखल राख्नुहुने विज्ञहरुका ३५ वटा अनुसन्धानमुलक लेख रचनाहरु समावेश गरिएको विशेष प्रकाशन "इकोनोमिक समिट - विशेष अंक" प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्र कुमार राईले विमोचन गर्नु भएको थियो ।

## औद्योगिक सर्वेक्षण - २०७८ को प्रतिवेदन सार्वजनिक




आर्थिक एवं औद्योगिक विकासको अवस्था, लगानीको सम्भावित क्षेत्र पहिचान, उपलब्ध रोजगारी, व्यापार व्यवसाय अभिवृद्धिको अवसर, बजार प्रवर्द्धन, पर्यटन, उर्जा क्षेत्रमा लगानीको वातावरण लगायत समग्र वस्तुस्थितीको अवस्थाको मूल्यांकन गरी तथ्य र तथ्यांकको आधारमा सरोकारवाला पक्ष समक्ष नीति निर्माण तहमा वहस पैरवी गर्ने उद्देश्यले ँब्क्ष्त्व नेपालको समन्वयमा सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगहरुमा गरेको औद्योगिक सर्वेक्षण २०७८ को नतिजा आर्थिक सम्मेलनको अवसरमा सार्वजनिक गरिएको छ । विभिन्न परिस्थितीमा यथार्थ समस्या र अवसरको मापन, अनुसन्धानबाट संकलित तथ्यको आधारमा भविष्यको योजना निर्धारण गरी औद्योगिक अभ्यासको जग बसाल्ने अभियानमा औद्योगिक सर्वेक्षण - २०७८ ले महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको छ ।

---

## संगठनको बिजनेश क्लिनिक अन्तर्गत उद्योग व्यवसायका समस्याको पोको हस्तान्तरण

उद्योगका समसामयिक समस्याहरुलाई चरणबद्द र व्यवस्थितरुपमा संकलन, वर्गिकरण र समाधानका लागी सहजिकरण गर्न संगठनमा छुट्टै बिजनेश क्लिनिक सञ्चालनमा ल्याइएको छ । गत २०७७ चैत्र १३ गते वर्तमान कार्यसमितिको पदस्थापनाको भोलिपल्टबाट शुरु गरी हालसम्म ४८ वटा उद्योगको स्थलगत अवलोकन तथा केही पत्र वा अन्य माध्यमबाट प्राप्त ११४ मुद्दा पहिचान गरिएको छ। आर्थिक सम्मेलनका अवसरमा उक्त समस्याहरुको समाधानका लागी नेपाल सरकार अर्थमन्त्रालयका श्रीमान सचिव मधु मरासिनीज्यूलाई हस्तान्तरण गरिएको छ । बिजनेस क्लिनिकमा आएका समस्याको समाधान खोज्न संगठनले केन्द्रीय तहमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रदेश स्तरमा प्रदेशको उद्योग मन्त्रालय र सुनसरी-मोरङ औद्योगिक करिडोरका स्थानीय पालिका सरकारहरूसँग समन्वय गर्ने रणनीति अपनाएको छ। हाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा डेडिकेटेड सम्पर्क बिन्दु तोकिएको छ ।

---

## स्टार्टअप तथा इनोभेशन कार्यक्रम अन्तरगत लगानीकर्तासंग साक्षात्कार

उद्योग संगठन मोरङले संचालनमा ल्याएको स्टार्टअप तथा ईनोभेशन कार्यक्रम अन्तर्गत छनौट भएका १८ स्टार्टअपहरुलाई व्यसायीक विकासमा नया आयाम थपि लगानीको अवसर जुटाउने अभिप्रायका स्टार्टअप लगानीकर्ता साक्षँत्कार आयोजना गरिएको थियो । उक्त अवसरमा स्टार्टअपहरुले प्रदर्शनमा राखेका उत्पादन तथा सेवाहरुका सम्वन्धमा सहभागिहरुले सम्भावित बजार, उत्पादन प्रकृया, विक्रि वितरणका लागि उपलब्ध बजार र व्यवसायीक प्रतिष्पर्धा, लगानी विस्तार, कच्चा पदार्थ र उत्पादित वस्तुको मुल्य अन्तर लगायतका विषयमा सम्वाद गर्नु भएको थियो । कार्यक्रमको माध्यमबाट स्टार्टअपहरुलाई लगानीकर्तासंग प्रत्यक्ष साक्षँत्कार गरी आफनो वस्तु तथा सेवामा गर्नुपर्ने सुधारका सम्वन्धमा राय, सुझाव संकलन गर्ने अवसर प्राप्त भएको थियो ।

# प्रदेश १ को समृद्धि यात्राका सन्दर्भमा आर्थिक सम्मेलनले उठान गरेका महत्वपूर्ण बिषयहरु :

१. उत्पादनमुलक उद्योगहरुको (निर्यातमुलक एवं आयात प्रतिष्थापन गर्ने दुवै) उत्पादन लागत बढि भएकोले प्रतिष्पर्धात्मक क्षमता कमजोर छ। तषर्थ, औद्योगिक पूर्वाधार, नीतिगत सहजिकरण एवं प्रकृयागत जटिलता लगायतमा लाग्ने लजिष्टिक खर्चहरु घटाउदै नेपाली उत्पादनको प्रतिष्पर्धी क्षमता बढाउनु पर्दछ।

| क.श. | बिषय | वर्तमान अवस्था | निम्त्याएको थप लागत एवं समस्या | सुधारका ऐजेण्डाहरु |
|---|---|---|---|---|
| क. | **प्रकृयागत जटिलता सरलिकरण** | अन्तर्राष्ट्रिय बजार मूल्यमा प्रतिस्पर्धी बनाउन नसक्नु | २५ देखि ३० प्रतिशतसम्म उत्पादन लागत बढाएको। | सामुद्रिक वन्दरगाहमा अवस्थित भन्सार र वन्दरगाह एवम् सीमावर्ती भन्सारको जाँचपास प्रक्रियालाई स्वचालित गर्ने |
| | | वैदेशिक व्यापारका क्रममा ब्यहोर्नु पर्ने नीतिगत र प्रक्रियागत झन्झट | | बन्दरगाह र भन्सार एवम् भन्सार र भन्सार बिचको सूचना प्रणालीको आबद्धता भएमा व्यवसायीहरूले एक निकायमा पेश गरेको विवरण स्वत: अर्को निकायमा जाने भएकाले नेपालको भन्सार, भारतीय बन्दरगाह एवम् भारतीय भन्सारबिच प्रणाली आबद्धता गरी विद्युतीय सूचना प्रवाहको विकास र कार्यान्वयन गर्नु पर्ने |
| | | भन्सार र पोर्टको कमजोर पूर्वाधार र झन्झटिलो कार्यप्रक्रिया | | तेस्रो मुलुकतर्फको निकासी प्रवर्धन गर्न मुन्द्रा (गुजरात) बन्दरगाह तत्कालै उपयोग गर्नु पर्ने। |
| | | यातायातको असुविधा र अपारदर्शी खर्चहरूले मालवस्तुको लागत बढाएको | | सिङ्गापुर र कोलम्बो बन्दरगाहमा प्राप्त गरेअनुरूपको ट्रान्ससिपमेन्ट सुविधाजस्तै गरी भारतीय बन्दरगाहहरू, बन्दरगाहहरूमा अवस्थित भारतीय भन्सार र सीमावर्ती भारतीय भन्सारमा भन्सार एजेन्टको उपस्थितिबिना नै ट्रान्ससिपमेन्ट सुविधाअन्तर्गत सहज पारवहन सुविधा सुनिश्चित गर्नँ पर्ने |
| | | | | साहेबगञ्जबाट कोशी ब्यारेजको हनुमाननगरसम्म जल यातायात, रेल यातायात र हवाई यातायात सहितको Multi Modal सुविधा उपयोग गर्ने |
| | | | | निकासीजन्य उद्योगले प्राप्त गर्ने बैङ्क ग्यारेन्टी, नगद धरौटी, पासबुक सुविधाहरू उपयोग गर्न प्रक्रियागत सरलीकरण गर्ने |
| | | | | निकासीजन्य उद्योगले कच्चा पदार्थ पैठारी गर्दा तिरेको महसुल निकासी गरेको परिमाणका आधारमा फ्ल्याट (Flat) दरमा फिर्ता दिने |
| | | | | बैङ्क ग्यारेन्टी, नगद धरौटी, पास बुक सविधाहरूलाई स्वचालित गरी निकासी हुनासाथ निश्चित अवधि भित्र बैङ्क ग्यारेन्टी वा नगद धरौटी स्वत: फुकुवा हुनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | | पासबुकको रकम र निकासी प्रोत्साहनबापत प्राप्त हुने रकम व्यवसायीको बैङ्क खातामा स्वत: जम्मा हुने प्रणाली विकास गर्नु पर्ने र यस्तो सुधार नेपाल राष्ट्रिय एकद्वार प्रणालीभित्र विकास गर्ने सम्भावनाको आँकलन गर्नुपर्ने । |
| | | रु २० लाखभन्दा बढि रकम भन्सार शुल्क बुझाउनु पर्दा अनलाइन पेमेन्टबाट १ दिन पछि मात्र गरिदिने भएकोले डिटेन्सन खर्च बढेको । | | नेपाल राष्ट्र बैंक मार्फत अनलाईन मार्फत तत्काल रकम ट्रान्सफर भई सामान छुटाउन पाउने व्यवस्था मिलाउनु पर्ने । |
| **ख.** | **पारवहन, यातायात एवं औद्योगिक लजिष्टिक** | कमजोर पूर्वाधारले लजिस्टिक एवम् उत्पादन लागत बढाएको र प्रतिस्पर्धाबाट बाहिरिन बाध्य पारेको । | | |
| | ***अ) रेल्वे*** | सन २००५ मा नेपाल र भारत बिच बिराटनगर, बिरगञ्ज, नेपालगञ्ज र भैरहवामा रेल कार्गो सञ्चालन गर्ने सम्झौता भयो । बिरगञ्जमा बन्यो अन्य ठाउमा बनेको छैन ।<br>भारत तर्फ बथनाहबाट एकिकृत जाँच चौकीसम्म आएको छ । त्यहाबाट बिराटनगर कटहरीसम्म आउनु पर्ने सामान्य जग्गा मुआब्जाको बिषयका कारण काम अघि बढेको छैन ।<br>रेल्वेबाट कन्नटेनरबाट आएको सामान क्ष्क्ष्ए सम्म जाँचका लागी लग्न ७१ मिटर चौडाई ८० मिटर लम्बाईको स्टाकिङ यार्ड अझै बनेको छैन । | नेपालको उद्योग व्यापारमा कायापलट गर्ने भनिएका पूर्वाधार निर्माण भई सञ्चालनमा नआँउदा प्रतिष्पर्धी हुन नसकिएको | मुआब्जा लगायतका बिबाद समाधान गरि यथाशिघ्र रेल्वे कार्गो सञ्चालनका लागी बिशेष पहल गर्नु पर्ने । |
| | ***आ) मिरगञ्ज पुल*** | बिराटनगर जोगबनीबाट ५ कि.मि भारत तर्फ रहेको पुल धस्सिएर २०७८ पुश २२ गतेबाट अवरुद्ध भएको ।<br>नेपालबाट जाने र आउने कार्गो ढुवानी साधन ११६ कि.मि भिमनगर तर्फ रिरुट ल्याउन बाध्य । | प्रति ट्रक रु २०००० थप खर्च लाग्ने ।<br>प्रति दिन २०० गाडीको रु ४० लाख थप खर्च भइरहेको । | निर्माणाधिन नयाँ पुल सञ्चालनका लागी उच्चस्तरिय कुटनैतिक पहल गरि यथासिघ्र सञ्चालनमा ल्याउनु पर्ने । |
| | ***इ) औद्योगिक क्षेत्र*** | आ.व. २०६८/६९ सालमा सुनसरी अमरडुवामा कउभअर्ष्वा भ्अयलकष्अ श्यलभ बनाउन सम्भाब्यता | | |

| | | | | |
|---|---|---|---|---|
| | | अध्ययन गर्न बजेट बिनियोजन भएको र त्यस यता प्रत्येक आ.वमा, यस आ.वमा समेत सम्भाब्यता अध्ययन गर्ने भनिएता पनि खासै उपलब्धीमुलक ठोस काम भएको छैन । | | |
| | ***ई) छ लेन तथा हुलाकी सडक*** | छ लेनको कोशी राजमार्ग र हुलाकी सडक निर्माणाधिन छन । व्यापारीक रुट भएपनि व्यापारमैत्री सडक बन्न सकेको छैन । सडक उद्योगहरुको अवस्थितीभन्दा निकै माथी छ । गत कार्तिकको बाडीले पानी निकास हुन नसक्दा ठुलो क्षती भएको । | | पानी निकासको उचित प्रवन्ध सहित व्यापार उद्योगमैत्री सडक निर्माण गर्नु पर्ने । |
| | ***उ) अन्तराष्ट्रिय औद्योगिक प्रर्दशनी केन्द्र*** | उद्योग संगठन र मोरङ व्यापार संघले ९५ बर्षका लागी श्री सत्यनारायण मन्दिरको २ बिगाह ३ कठ्ठा जमिन लिजमा लिइएको, प्रदेश सरकार, महानगरपालिका समेतको सहकार्यमा निर्माण गर्ने भनिएता पनि विविध कारणले कार्य प्रारम्भ हुन नसकेको । | | सरकारले आवश्यक समन्वय गरि प्रदर्शनी केन्द्रको निर्माण कार्यलाई तत्काल अघि बढाउनु पर्ने । |
| | ***ऊ) पारवहन पूर्वाधार विकास*** | नाकाबन्दीको समयमा मित्र राष्ट्र चिनसंग तत्कालिन प्रधानमन्त्री के.पी शर्मा ओलीको भ्रमणमा Transit/ Transportation Agreement भएको र उक्त सम्झौतामा Tianjin, Liyanyungang, Shenzen, Zhanjiang बन्दरगाहहरुबाट नेपाललाई अन्तराष्ट्रिय बजार पहुँच खुला भएको भएता पनि यस रुटबाट कार्गो ल्याउदा लाग्ने लागत, कागजी प्रकृयाको अन्योलताका साथै नीतिगत अस्पष्टताको कारणले हालसम्म कुनैपनि व्यवसायिक कार्गो आउन नसकेको । | | यथाशक्य सञ्चालनको पहल गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | प्रधानमन्त्री स्तरिय बैठकमा साहेबगञ्ज र कालुघाटमा Water Terminal बनाई बन्दरगाहबाट बाट सिधै त्यहासम्म जलमार्गबाट ढुवानी गर्ने तथा त्यहाबाट सडक मार्ग वा रेल मार्गबाट नेपाल सम्म ल्याउने गरि भएको सहमती हालसम्म कार्यान्वयनमा नआएको । | | सहमतीको अविलम्ब कार्यान्वयन ल्याउन सरकारको ध्यान जान आवश्यक छ । |
| ग. | **जग्गा र जग्गा प्राप्ती** | उद्योग व्यवसाय स्थापना गर्न जग्गाको व्यवस्थापन निकै जटिल बन्दै गएको छ । जग्गाको मूल्य छोइनसक्नुले बृद्धि भएको र औद्योगिक क्षेत्रका लागी डेडिकेटेड जग्गााको योजना नहुदा उद्योग व्यवसायले नया विस्तारका लागी वा नया उद्योगका लागी जग्गाको ठुलो समस्या रहेको छ । | | आर्थिक क्षेत्र, औद्योगिक ग्रामहरुको स्थापना गरि उद्योगहरुलाई आकर्षित गरिनु पर्दछ । |
| घ. | **कर नीतिमा सुधार एवं स्वदेशी उत्पादन प्रवर्धन** | तयारी वस्तुको आयात र सोही वस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ आयातमा भएको भन्सार दर अव्यवहारिक रहेकोले स्वदेशी उद्योगहरु फष्टाउन सकेका छैनन । धेरै जसो वस्तुहरुको हकमा कच्चा पदार्थ आयात गर्न भन्दा तयारी वस्तु आयात गर्न धेरै सस्तो र सरल रहेको छ । | | तयारी वस्तु र कच्चा पदार्थको आयातमा कम्तीमा २ तहको भन्सार दर कायम गरि स्वदेशी उत्पादनको प्रवर्धन गरिनु पर्ने । |
| | | खरिद मुल्य र भन्सार दरको फरक, सन्दर्भ मुल्यमा भएको अदुरदर्शिता तथा अवैज्ञानिक भएको, खरिद मुल्यभन्दा भन्सार मुल्याकंन बढि हुदा वास्तविक लागत खर्च र हिसाबमा देखाउनु पर्ने खर्च फरक पर्छ । हिसाब मिलान गर्न समस्या पर्ने र लागत र बिक्रि मुल्यको हिसाब नमिल्दा थप कर तिर्नुपर्ने लगायतका समस्या परिरहेको छ । | थप जटिलता निम्त्याएको, एकाउन्ट छुट्टै राख्नु पर्ने बाध्यता लगायत थप कार्यभार थप भएको । | स्वदेशी उद्योग प्रतिष्पर्धी बनाउन आवश्यक उपयुक्त व्यवस्था मिलाइनु पर्दछ । |

# उर्जा



त्पादन लागतमा प्रत्यक्ष दबाब पर्ने भनेको उत्पादन प्रकृयामा प्रयोग हुने उर्जामा हुने खर्च हो । जलश्रोतको धनी देश भएता पनि सस्तो र गुणस्तरिय विद्युतिय उर्जा प्राप्ती अझै चुनौती पूर्ण छ । लोडसेडिङ मुक्त भए पनि अझै विद्युत आपूर्तिको गुणस्तर सन्तोषजनक छैन । निरन्तरको ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले औद्योगिक क्षेत्रमा थप समस्याहरु निम्त्याएको छ । हामी एकातिर विद्युत निर्यात गर्ने कुरा गर्दैछौ भने अर्को तिर औद्योगिक क्षेत्रले आफ्नो कारखानाको काममा ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले हुने अवरोधको समाधानका लागी पावर ब्याकअप जेनेरेटर वा युपिस जडान गर्न बाध्य छन । जस्ले थप उत्पादन लागत बढाएको छ ।

यो उद्योग राती ११ देखि बिहान ८ बजेसम्म सञ्चालन हुन्छ। २०७८ भाद्र महिनाको १ देखि २४ गतेसम्म यो समयमा २६ पटक ट्रिपिङ भएको छ। हरेक पटक विद्युत आपूर्ति बन्द हुँदा ४० मिनेट निस्क्रिय समय श्रृजना हुन्छ जस्ले उत्पादन ह्रास गराउने र मिल जाम गराउने गर्दछ। गएको १ बर्षमा हाम्रो २ वटा **HT Motor** जलेर खराब भयो। एउटा मोटर बनाउन कम्तीमा ७० दिन र ५० लाख रुपैयासम्मको खर्च आउछ। यो विद्युत अवरुद्धले निकै ठुलो समस्या पैदा गरेको छ। २०० केभिएको जेनेटरमा ठुलो खर्च गरेको छौ तर जेनेटरबाट उत्पादन गर्दा महगो पर्दछ। बजारमा प्रतिष्पर्धा गर्न सकिदैन। यो सबैको निराकरण नियमित पावर सप्लाई हो।

श्री शप्तकोशी सिमेन्ट प्रा.ली, कटहरी, मोरङ



## च) बैंक तथा वित्तिय क्षेत्र र औद्योगिक लगानी




उत्पादन लागतमा प्रत्यक्ष प्रभाव पार्ने अर्को क्षेत्र बित्तिय क्षेत्र हो । लामो समय कोभिड १९-का महामारीबाट प्रताडित उद्योग-व्यवसायहरू बिस्तारै तङ्ग्रिदै गरेका छन् । यही अवस्थामा उत्पादन लागतमा प्रत्यक्ष दबाब बढ्ने गरी बैङ्क तथा वित्तीय संस्थाहरूमा तरलता अभाव भएको छ । ब्याजदरको वृद्धि निरन्तर उकालो लागिरहेको अवस्था छ । त्यसै पनि अहिले उद्योग-व्यवसाय क्षेत्र अत्यन्त असहज अवस्थाबाट गुज्रिरहेको छ । यही बेला उद्योगी-व्यवसायीले लिएको ऋणको ब्याज दरमा भएको निरन्तरको वृद्धिले यो क्षेत्र थप धराशायी हुने र सम्पूर्ण उद्योगी-व्यवसायी सडकमा आउने परिस्थिति सृजना हुने हो कि भन्नेमा निजी क्षेत्रको चिन्ता छ । यसरी ब्याज दरमा अस्थिरता कायम रहँदा मुलुकमा व्यावसायिक लागत प्रक्षेपण गर्नसक्ने अवस्था समेत नहुने अवस्था छ । तषर्थ, उत्पादनमूलक क्षेत्रमा प्रवाह भएको र हुने कर्जाको ब्याजदर एकल अङ्कमा नबढ्ने गरी **(Single Digit)** अनुमानयोग्य वित्तिय व्यवस्थापनको नीतिहरु अपनाइनु पर्दछ ।


## २. औद्योगिक इको सिष्टम विकास गर्न मूल्य श्रृङ्खलाका अग्र तथा पृष्ठ पक्षहरुमा रहने सहायक उद्योगहरु स्वःस्फुर्त विकास हुने गरि Shared Business को अवधारणा अनुरुप दिर्घकालिन एवं फराकिलो नीतिगत सोच एवं दृष्टिकोण मार्फत औद्योगिक विकासका लागी बृहत्तर इको सिष्टमको विकास गर्नुपर्दछ ।

- कुनैपनि वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनमा प्रयोग हुने प्याकेजिङ वस्तु (Intermediate Packaging Goods) आफै उत्पादन गरी प्रयोग गरेमा कुनैपनि कर लाग्दैन । तर सोहि उद्योगले त्यहि प्याकेजिङ वस्तु अर्को कुनै उद्योगबाट खरिद गरेमा ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ । जस्ले गर्दा भर्टिकल लाइनमा अन्य सहायक उद्योगहरु आउन प्रोत्साहित हुदैनन ।

- प्याकेजिङ वस्तु उत्पादन गर्ने कम्पनीले कच्चा पदार्थ आयात गरि वस्तु तयार गरि नेपाली कम्पनीलाई बिक्रि गर्छ, त्यो कम्पनीले उक्त प्याकेजिङ मेटेरियल प्रयोग गरिएको उत्पादन निर्यात गर्छ भने ड्युटी ड्र ब्याक सुविधा पाउदैन । तर आफ्नो उत्पादन निर्यात गर्ने उद्योगले आफै प्याकेजिङ वस्तु आयात गरि आफ्नो उत्पादन विक्रि गर्दा यस्तो सुविधा पाउछ । यस्तो व्यवस्था राजश्व संकलनका दृष्टिले मात्रै औद्योगिकरण लाई हेरिएको हुदा नयाँ उद्योग आकर्षण हुने सम्भावना रहदैन ।

- औद्योगिक लगानी आकर्षण गर्न अन्य सबै पूर्वाधारहरुका अलावा उच्च स्तरको स्वास्थ्य, शिक्षा र मनोविनोदको सुविधा समेत आवश्यक छ । सफा, व्यवस्थित र सुविधा सम्पन्न सहरीकरण नभई दक्ष जनशक्ती आकर्षित हुदैनन । तषर्थ, औद्योगिक एवं आर्थिक विकासका लागी उच्चस्तरको स्वास्थ्य, शिक्षा, मनोरञ्जनको क्षेत्र लगायतका पूर्वाध( ारहरु सहितको बृहत्तर औद्योगिक इकोसिष्टमको विकास हुन जरुरी छ ।


# ईको सिष्टम उदाहरण - १ (कपडा)



## Reliance Spinning Mills
- प्रतिदिन उत्पादन ८० टन धागो
- प्रतिदिन निर्यात ६० टन धागो

## Pragati Textile Industries
- ९० प्रतिशत कच्चा पदार्थ धागो रिलाइन्सबाट खरिद गर्ने
- जडित उत्पादन क्षमता २००० टन कपडा
- हाल उत्पादन भएको १२०० टन कपडा
- उत्पादित पजडा १०० प्रतिशत स्वदेशमा खपत
- स्कुल कलेजको ड्रेस बनाउने गार्मेन्ट उद्योग मूख्य खरिदकर्ता

# ईकोसिष्टम उदाहरण - २ (मकै)



## Premier Organic Pvt. Ltd
- 20,000 ltr. Per day Sprit production capacity
- 48,000 kg Maize used as raw materials
- 60% of Maize is imported
- 100% Domestic market
- Nepal Liquors Pvt. Ltd
- Buys 95 % raw materials from Premier Organic Pvt. Ltd
- High Tax Payer Industries - 100 % domestic market

## Asian Feed Industries
- 60,000 Maize consume per day
- 90% of Maize imported
- Quality is a major issue in Nepali maize (Post harvest issues)

## What is the issue
- Informal trade due to open boarder
- Perception towards the industries
- Increment of tax every year
- Weak backward linkage e.g maize production

# ईकोसिष्टम उदाहरण - ३ (जुट)



- Total Export Value Nrs 700 Crores in FY 077/078
- Raw materials 20–30% Nepal & 70% India and Bangladesh
- 50-60% value addition
- Confined to 4 traditional products eg: Bora, Sutli, Hyasin, Twine
- Need incentive to the farmers
- Focus on product diversification with R&D and new tech


मुख्य समस्या : जुट खेति नहुनु ।

# ३. कृषि तथा कृषिको व्यवसायीकरण

कृषि उपज प्रशोधनमा आधारित उद्योगहरु : चिया, अलैंची, अदुवा, तरकारी, फलफुल, धान, मकै, आलु, अम्लिसो लगायत कृषि पैदावरको उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारिकरण प्रदेश १ को समृद्धिको आधार हो । त्यसैगरि, ताजा तरकारी एवं फलफुल पछिल्लो समय निकै ठुलो परिमाणमा आयात भइरहेको छ । यसलाई प्रतिष्थापन गर्ने गरि काम गर्नु अपरिहार्य भइसकेको छ । कृषिमा बिउ, मल, किटनासक औषधी, कृषि पूर्वाधार, सिचाई, प्रविधि, कृषि ऋण,। बजारिकरण लगायत एकिकृत हस्तक्षेपले मात्रै कृषिमा उपलब्धी हासिल गर्न सकिन्छ । यस तर्फ स्थानीय, प्रदेश एवं संघिय सरकारको यथेष्ठ ध्यान जानु जरुरी छ ।




## कृषि बजारको श्रोत आ.व ०७७।७८ (रु करोडमा)



# कृषि उपज बजार स्थल, धरान (आ.व.७७/७८ मा भएको निर्यातको विवरण

| विवरण | परिमाण (मे.टन) | औसत मूल्य रु.मा |
|---|---|---|
| अदुवा | ७,५०० | २३,००,००,००० |
| अम्रिसो | ५,८४० | १८,००,००,००० |
| तेजपात | ७,५०० | १६,००,००,००० |
| मजिटो | ५२० | ४,६०,००,००० |
| रिठा | २५० | ७५,००,००० |
| लाहा | १० | १०,००,००० |
| बैमौसमी बन्दा | २,४४५ | ६,००,००,००० |
| मटरकोसा | २२० | १,७५,००,००० |
| गाजर | ४५ | ३०,००,००० |
| धनिया पत्ता | ३० | ३०,००,००० |
| फुलकोबी | १,१२० | ४,००,००,००० |
| टमाटर | ४२० | २,५०,००,००० |
| मुला | ५५० | ८०,००,००० |
| अकबरे | २२ | ५५,००,००० |
| चिराइतो | ४५ | २८,००,००० |
| अँलैची | १७ | १,७०,००,००० |
| नासपाती | ३,६४० | ५,६०,००,००० |
| | २५,९१९ | ८६,२४,००,००० |

# पर्यटन, स्वास्थ्य र शिक्षा क्षेत्रमा

## पर्यटन

सन् २०२१ को तथ्याङ्क अनुसार नेपालसँग सिमाना जोडिएका मित्र राष्ट्र भारतका उत्तराखण्ड, उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल र सिक्किमको कुल जनसङ्ख्या करिब ४८ करोड छ। भारतिय पर्यटकहरुलाई आकर्षित गर्ने वातावरण तयार गर्नु पर्दछ। भारतिय पर्यटकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरि भारत लक्षित पर्यटन पूर्वाधारको विकास र बजारिकरण गर्नु पर्दछ।



## स्वास्थ्य



आँखा उपचारको विशिष्टिकृत सेवा : एक उदाहरण

- बिराटनगर आँखा अस्पताल, बिराटनगर
- गोल्छा आँखा अस्पताल, बिराटनगर
- तापडिया आँखा अस्पताल, बिराटनगर
- बिराट आँखा अस्पताल, बिराटनगर
- हिमाल आँखा अस्पताल, बिराटनगर
- दिव्यज्योती अस्पताल (आँखाको उपचार समेत भएको)
- भारतको बिहार, बंगाल र झारखण्डबाट उपचारका लागी आउने
- प्रतिव्यक्ती कम्तिमा ६००० भारु देखि २५,००० भारुसम्म खर्च गर्ने

समस्या :

- भारत बाट आउने बिरामीले नेपालमा नचल्ने भारु १,००० र २,००० दरका नोटहरु बोकेर आउने भएकोले बाटोमा धेरै दुःख झन्झट रहेको।

अवसर :

- आँखा उपचार जस्तै अन्य बिशिष्टिकृत स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार तथा यससंग जोडिने अन्य औषधी लगायतका क्षेत्रमा लगानीको प्रचुर सम्भावना

## शिक्षा

बिराटनगर तथा प्रदेश नं १ बाट भारतका शहरहरुः दार्जिलिङ, सिलगुडी, सिक्किम, बैंगलोर, दिल्ली, चैन्नाई लगायतका शहरमा ठूलो मात्रमा विद्यार्थी पढ्न जाने गरेको छन। समान हावापानी, मौसम भएका हाम्रो शहरहरुमा पनि शिक्षाको राम्रो पूर्वाधार तथा प्रणालीको विकास गर्न सके यहाँबाट जानेलाई रोक्ने मात्र नभई भारतसंग सिमाना जोडिएका धेरै शहरहरुबाट ठुलो संख्यामा विद्यार्थी आकर्षण गर्ने अवसर छ।



# सुशासन र जवाफदेहिता

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, जनउत्तरदायी वनाउन नेपाल सरकारले सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ कार्यान्वयनमा ल्याइ राज्यबाट प्राप्त हुने सेवा र सुविधामा जनताको समान र सहज पहुच सुनिश्चीत गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरिएको भएतापनि कार्यान्वयन पक्ष फितलो छ। उदाहरणका लागि आर्थिक वर्ष २०७८/७९ का लागि नेपाल सरकारद्धारा ल्याएको वजेटमा उल्लेख गरिएको व्यवस्था

– युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी एक प्रतिशत ब्याजदरमा रु. २५ लाखसम्म बीउ पुँजी कर्जा उपलब्ध गराइनेछ। स्टार्टअप व्यवसायको दर्ता, नवीकरण तथा अन्य सेवा एकद्वार प्रणालीबाट नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छ। स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्र्याउन नीतिगत सहजीकरण गरिनेछ। यसका लागि रु.१ अर्बको च्यालेन्ज फन्ड स्थापना गरेको छ।

– स्वदेशी उद्योगको आवश्यकता अनुरुपको सीपयुक्त जनशक्तिको विकास गर्न निजी क्षेत्रको साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योगमा प्रशिक्षार्थी कामदारलाई तीन महिनाको न्युनतम पारिश्रमिक बराबरको अनुदान उपलब्ध गराई कार्यस्थलमा आधारित तालिम संचालित गर्न रु. १ अर्ब छुट्याएको छ। यस अन्तर्गत तालिम प्राप्त गर्ने प्रशिक्षार्थी कामदारलाई आधारभूत तालिम दिई सोही उद्योगमा न्युनतम २ वर्षको रोजगारी सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यक्रमबाट आगामी वर्ष थप २५ हजार रोजगारी सिर्जना हुनेछ।

आर्थिक वर्ष प्रारम्भ भएको ९ महिना वितिसक्दा समेत उल्लेखित व्यवस्थाको कार्यान्वयनका लागि कार्यविधि आउन सकेको छैन यसको जवाफदेहिता कस्ले लिने ?

त्यसैगरी औद्योगिक व्यवसाय ऐन २०७६ ले उद्योग/व्यवसायको विकास र विस्तार ध्यानमा राखी यस क्षेत्रको विकासमा दीर्घकालिन महत्व राख्ने नीतिगत व्यवस्था गरेको छ। उदाहरणका लागि

– कुनै उत्पादन मूलक उद्योगले आफ्ना कुल जनशक्तिमध्ये कम्तिमा दश प्रतिशत प्रशिक्षार्थी कामदार राखेमा त्यस्तो कामदारलाई प्रशिक्षण विदा दिनु पर्ने निर्वाह खर्च,प्रशिक्षण खर्च र उद्योगमा कार्यरत जनशक्तिको उत्पादन क्षमता विकासमा भएको खर्च रकम आयकर गणना प्रयोजनको लागि कट्टी गर्न पाउने,

– निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा तिरेको भन्सार महसुलनिर्यात भएको परिमाणको आधारमा सम्बन्धित माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिईने, तर त्यस्तो रकम फिर्ता पाउन निर्यात गरेको एक वर्षभित्र दरखास्त नदिएमा फिर्ता दिईने छैन।

स्वदेशी जनशक्तिको विकास, रोजगारीका अवसरहरु सिर्जनाका साथै निर्यातमूलक उद्योगहरुको प्रोत्साहन गरी उद्योग व्यवसाय क्षेत्रको वढावा दिने उक्त व्यवस्था हालसम्म कार्यान्वयनमा आएको छैन यसको जवाफदेहिता कस्ले लिने ?

त्यसैगरी, राजनीतिक दलहरुले आर्थिक एवं औद्योगिक विकास र समृद्ध मुलुक निर्माणका सन्दर्भमा आफनो घोषणा पत्र मार्फत विभिन्न प्रतिवद्धता जाहेर गरेका छन। उद्योग व्यवसाय, कृषि, पर्यटन, जलविद्युत, भौतिक पूर्वाधार निर्माण, आमजनताको जीवनस्तर उकास्ने, रोजगारीका अवसर सिर्जना गर्ने जस्ता विषयलाई राजनीतिक दलहरुले प्रमुखताका साथ उठाएपनि आर्थिक भन्दापनि राजनीतिक विषयले प्राथमिकता पाउन गरेको छ। घोषणा पत्रमा उल्लेख गरेको प्रतिवद्धतालाई केवल मत आकर्षित गर्ने टुलको रुपमा प्रयोग भएको छ। तसर्थ आर्थिक समृद्धि, जनताप्रतिको जवाफदेहिता, सुशासन स्थापना जस्ता विषय कायम गर्न राजनीतिक दलहरु प्रतिवद्ध नहुनुमा जवाफदेहि( ता कस्को हुन्छ ?

| Party | Manifesto |
|---|---|
| NC | Infrastructure, Social Security, Tourism, Employment issues to be focused. |
| UML | Development, good governance, economic prosperity, Social Security, Self relied economy in priopity. |
| Maoist | Granting more resources to the local level for the effectivw development. |
| RPP | Making the local level more empowered |

# आर्थिक सम्मेलनको झलकहरु












HAVELLS | USHA | MEX

SIEMENS Ingenuity for life | L&T SWITCHGEAR SAFE & SURE | ELECTRA ELECTRIC Enlightening Dreams

OBO BETTERMANN | Crabtree | wipro

A Member Of KTC Group

**Kailash Trading Company** Pvt. Ltd.

*The Electrical People...*

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com